फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

प.सं:०८२/८३
च.नं: ८१९

मिति : २०८२।०९।१६

विषय : कारवाही सम्बन्धमा ।

श्री डोल्पो कन्स्ट्रक्सन,
बौद्ध, काठमाडौं ।

उपरोक्त विषयका सम्बन्धमा यस कार्यालयद्धारा आ.व. ०८२।८३ मा ढुंगा गिटी बालुवा लगायतको नदीजन्य पदार्थको उत्खनन संकलन तथा निकासी शुल्क संकलन गर्न आय ठेक्का बन्दोवस्त गर्न मिति २०८२।०६।२९ मा दरभाउ माग गरी प्रथम पटक १५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएकोमा आय ठेक्का नं ०१।०८२।८३ (श्रीकांग छेस्लांग कालीगण्डकी बगर फ.न.पा. ११) को लागि तपाईले पेश गरेको रु २५,५०,००० कवोल गरेको दरभाउ स्वीकृत गरी मिति २०८२।०७।२४ मा यस नगरपालिकाको वेभसाइट मार्फत सार्वजनिक गरिएको, र मिति २०८२।०७।२६, च.नं.४९८ को पत्र प्राप्त मितिले ७ दिनभित्र सम्झौताको लागि उपस्थित हुने सम्बन्धी पत्र पठाइएकोमा सम्झौताको लागि सम्पर्कमा नआएकोले तपाईले विड सुरक्षा वापत पेश गरेको धरौटी रकम जफत गर्ने सम्बन्धि सूचना समेत मिति २०८२।०९।१६ गतेको कालीगण्डकी दैनिक पत्रीका प्रकाशन गरिएको र तपाईले पेश गरेको धरौटी रकम रु १,५०,००० जफत गरिसकिएको व्यहोरा जानकारी गराईन्छ । पुनश्चः फलेवास नगरपालिकाको सार्वजनिक खरिद नियमावलि, २०७७ को नियम १४२ को उपनियम ३ मा दरभाउ पेश गर्ने फर्म सम्झौता गर्न नआएमा धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको रकम अन्तर बढी हुने भएमा सो अन्तर बराबरको रकम अघिल्लो बोलकर्ताबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था रहेकोमा उक्त आय ठेक्का बन्दोवस्त गर्दा दोस्रो पट प्रकाशित आयठेक्का बन्दोबस्त सम्बन्धी सूचना अनुसार पेश भएको दरभाउपत्र अनुसार स्वीकृत कवोल अंक १५,५१,००० रहेकोले पहिलो सूचना र दोस्रो सूचना अनुसारको कवोल अंकको फरक ९,९९,००० देखिएको र १,५०,००० धरौटी जफतबाट प्राप्त भएकोमा अझैपनि कार्यालयलाई ८,४९,००० रकम हानी नोक्सानी पुग्ने देखिएकोले नगरपालिकाको सार्वजनिक खरिद नियमावलि, २०७७ को नियम १४२ को उपनियम ३ मा भएको व्यवस्था बमोजिम सरकारी बांकी सरह असुल गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ । पुनश्चः आय ठेक्का सम्झौताको लागि उपस्थित नहुनुको कारण तथा उक्त ठेक्काको बारेमा तपाईको कुनै धारणा भएमा तुरुन्त यस कार्यालयमा उपस्थित हुन समेत अनुरोध छ ।

.....................
जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner